काठमाडौँ महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बागमती प्रदेश

## मिति २०८० असार २५ गते बसेको बिसौं नगर कार्यपालिका बैठकका प्रस्ताव तथा निर्णयहरु:

प्रस्ताव नं.१.   १९ औं नगर कार्यपालिकाका प्रस्ताबहरुको जानकारी सम्बन्धमा ।

**निर्णय:**

काठमाडौं महानगरपालिका नगर कार्यपालिकाको मिति २०८०/३/२१ मा भएको तपशिल बमोजिमका प्रस्तावहरुको बारेमा नगर कार्यपालिका सदस्यज्यूहरुलाई जानकारी भयो ।

**तपशिल**

(क) काठमाडौं महानगरपालिका सञ्चार तथा सूचना विधेयक, २०८०
(ख) काठमाडौं महानगरपालिका जनस्वास्थ्य विधेयक, २०८०
(ग) काठमाडौं महानगरपालिका महानगर प्रहरी विधेयक, २०८०

प्रस्ताव नं. २.  विविध ।

(क) कक्षा ११ को छात्रबृत्तिको कार्यविधि बनाउन सैद्धान्तिक सहमति सम्वन्धमा ।

(ख) सहरी योजना आयोगका पदाधिकारीको नियुक्ति अनुमोदन सम्बन्धमा ।

प्रस्ताव नं.२.   काठमाडौँ महानगरपालिका कर्मचारी सेवा ऐन, २०७७ मा संशोधन प्रस्ताव नगरसभामा पेश गर्ने सम्बन्धमा ।

**निर्णय:**

काठमाडौं महानगरपालिकामा कार्यरत कर्मचारीहरुको सेवा सर्त एवं सुविधा व्यवस्था ऐन २०७७, मा दफाहरु संशोधनका लागि कार्यपालिका बैठक मार्फत १३औं नगर सभा अधिवेशनमा प्रस्ताव तयार गरी पेश गर्ने ।

| क्र.सं. | साविकको दफा/उपदफा | संशोधन गर्नुपर्ने विषय | संशोधन गर्नुपर्ने कारण |
|---|---|---|---|
| १ | दफा ८३ उपदफा (२) : उपदफा (१) बमोजिम करार सेवाका कर्मचारीहरु स्थायी नभएमा वा सो प्रक्रियामा सहभागी हुन अनिच्छुक भएमा वा सेवाबाट अलग हुन चाहेमा त्यस्ता | दफा ८३ उपदफा (२): उपदफा (१) बमोजिम करार सेवाका कर्मचारीहरु स्थायी हुने परिक्षामा सहभागी हुन अनिच्छुक भई सेवाबाट अलग हुन चाहेमा त्यस्ता | लामो समयदेखि करार सेवामा कार्यरत रहेका कर्मचारीहरुले सेवाबाट अलग हुन चाहेकोले निजहरुको लामो समयको कार्यको लागि सुविधा प्रदान |

| | | | |
|---|---|---|---|
| | कर्मचारीहरुले संवत् २०७८ चैत्र मसान्तभित्र राजिनामा दिई महानगरपालिकाको सेवाबाट अलग हुँदा देहाय बमोजिमको सुबिधा प्राप्त गर्ने छन् । | कर्मचारीहरुले संवत् २०८० असोज मसान्तभित्र राजिनामा दिई महानगरपालिकाको सेवाबाट अलग हुँदा देहाय बमोजिमको सुविधा प्राप्त गर्ने छन् । | गर्ने । |

प्रस्ताव नं. ३. दरबन्दी सृजना गर्ने प्रस्ताव नगर सभामा पेश गर्ने सम्बन्धमा ।

निर्णय :

काठमाडौं महानगरपालिकामा तपशिल बमोजिमका दरबन्दीहरु स्वीकृत गर्न १३औं नगर सभा अधिवेशमा प्रस्ताव पेश गर्ने ।

तपशिलः

महानगर स्वास्थ्य सेवा अन्तर्गत रहने स्वास्थ्य तर्फको प्रस्तावित दरबन्दी विवरण

| क्र.सं. | पदको नाम | तह | जम्मा दरबन्दी | | | हाल स्वास्थ्य विभागअन्तर्गत स्विकत दरबन्दीबाट काम गर्न सकिने | नयाँ पदपूर्तिको लागी अस्थायी दरबन्दी स्विकत गर्नुपर्ने सख्या |
|---|---|---|---|---|---|---|---|
| | | | प्रतिवडा | संख्या | जम्मा | | |
| १ | कार्यकारी निर्देशक | | केन्द्र १ | | | | १ |
| २ | मेडिकल अधिकृत | आठौं | १ | ३२ | ३२ | २ | ३० |
| ३ | हे.अ. | पाचौं | १ | ३२ | ३२ | १५ | १७ |
| ४ | स्टाफनर्स | पाचौं | १ | ३२ | ३२ | १४ | १८ |
| ५ | फिजियोथेरापी सहायक | पाचौं | १ | ३२ | ३२ | ० | ३२ |
| ६ | रेडियोग्राफर | पाचौं | १ | ३२ | ३२ | ० | ३२ |
| ७ | ल्याव टेक्निसियन | पाचौं | १ | ३२ | ३२ | ४ | २८ |
| ८ | तथ्याङ्क सहायक | पाचौं | १ | ३२ | ३२ | ० | ३२ |
| ९ | फार्मेसी असिष्टेन्ट | पाचौं | १ | ३२ | ३२ | ० | ३२ |
| १० | अ.हे.व. | चौथो | ठुलो वडा १६ | १६ | १६ | १६ | ० |
| ११ | अ.न.मी | चौथो | १ | ३२ | ३२ | ३२ | ० |
| १२ | कार्यालय सहयोगी | विहिन | १ | ३२ | ३२ | ४ | २८ |
| | जम्मा | | | | ३०४ | ८७ | २५० |

नगर प्रहरी सेवा अन्तर्गत महानगर प्रहरीको प्रस्तावित दरबन्दी विवरण

| सि.नं. | पद, नाम | तह | समायोजन पछि | स्वीकृत दरवन्दी अनुसार हाल कार्यरत संख्या | करार सेवाको कम्पनीबाट आएका नगर प्रहरीहरु | हाल कार्यरत जम्मा | प्रस्तावित दरवन्दी | विशेष दरवन्दीमा रहने पदहरु |
|---|---|---|---|---|---|---|---|---|
| १ | नगर प्रहरी वरिष्ठ उपरीक्षक | ९ | ० | ० | ० | ० | १ | ० |
| २ | नगर प्रहरी उपरीक्षक | ८ | ५ | ५ | ० | ५ | ४ | २ |
| २ | नगर प्रहरी नायव उपरीक्षक | ७ | ६ | ५ | ० | ५ | १० | ० |
| ३ | नगर प्रहरी निरीक्षक | ६ | ३३ | ३२ | ० | ३२ | ३६ | ० |
| ४ | नगर प्रहरी नायव निरीक्षक | ५ | ४२ | ३७ | ० | ३७ | २६ | ११ |
| ५ | नगर प्रहरी सहायक निरीक्षक | ४ | ३३ | २५ | ० | २५ | ४६ | ० |
| ६ | नगर प्रहरी हवल्दार | ३ | ६३ | ५९ | ० | ५९ | ७२ | ० |
| ७ | नगर प्रहरी जवान | २ | ४ | ३७ | ११७ | १५४ | २८८ | १०० जना स्थायी बांकी अस्थायी दरबन्दी |
| ८ | नगर प्रहरी कार्यलय सहयोगी | १ | ० | ० | ० | ० | १७ | अस्थायी दरबन्दी |
| | | जम्मा | १८६ | २०० | ११७ | ३१७ | ५०० | १३ |

महानगर प्रशासन सेवा अन्तर्गत रहने सवारी चालकको प्रस्तावित अस्थायी दरबन्दी विवरण

| क.सं. | पदको नाम | श्रेणी | स्तर | संख्या |
|---|---|---|---|---|
| १ | हलुका सवारी चालक | श्रेणी विहिन | प्रथम | १९ |
| २ | भारी सवारी चालक | श्रेणी विहिन | प्रथम | ३० |
| | | | | |

प्रस्ताव नं.४. काठमाडौं महानगरपालिका शिक्षा ऐन, २०७५ मा संशोधन प्रस्ताव नगरसभामा पेश गर्ने सम्बन्धमा ।

निर्णय:

काठमाडौं महानगरपालिका शिक्षा ऐन, २०७५ तथा काठमाडौं महानगरपालिका विद्यालय शिक्षा व्यवस्थापन नियमावली, २०७४ मा भएका कतिपय प्रावधानहरु संघीय शिक्षा ऐन, २०२८ तथा नियमावली, २०५९ संग बाझिएकाले तपसिलको कार्यदल गठन गर्ने र उक्त कार्यदलले तयार गरेको शिक्षा ऐन नियम संशोधनको मस्यौदा नगर सभा अधिवेशनमा पेश गर्न सैदान्तिक सहमति दिने ।

तपसिल

श्री चिनीकाजी महर्जन, अध्यक्ष २२ नं वडा का.म.पा -संयोजक
श्री बसन्त आचार्य, प्रमुख कानून तथा मानव अधिकार विभाग -सदस्य
श्री सरिता राई, महाशाखा प्रमुख प्रशासन विभाग -सदस्य
श्री गुजेश्वरी श्रेष्ठ, सदस्य शिक्षा समिति का.म.पा -सदस्य

| | |
|---|---|
| श्री नारायण गौतम, प्र.अ पद्मोदय मा.वि, का.म.पा | -सदस्य |
| श्री मोतिराज खनाल, का.म.पा. | -सदस्य |
| शिक्षा अधिकारी, शिक्षा विभाग का.म.पा | -सदस्य सचिव |

प्रस्ताव नं.५. भवन मापदण्ड, २०७५ मा संशोधन प्रस्ताव नगरसभामा पेश गर्ने सम्बन्धमा ।

निर्णय :

काठमाडौं महानगरपालिका भवन मापदण्ड, २०७५ मा संशोधन विधेयक, २०८० संशोधनका लागि कार्यपालिका बैठक मार्फत १३औं नगर सभा अधिवेशनमा प्रस्ताव तयार गरी पेश गर्ने ।

प्रस्ताव नं.६. पैदल यात्री पुल निर्माणको म्याद थप सम्बन्धमा ।

निर्णय :

काठमाडौं महानगरपालिका वडा नं. १२-१४, ९-३१, ८-९ र ३१-३२ मा पैदल यात्री पुल निर्माण कार्यको म्याद थप सम्वन्धमा सार्वजनिक खरिद ऐनको दफा ५६ बमोजिम २०८० मंसिर मसान्तसम्म म्याद गर्ने ।

प्रस्ताव नं.७. विशेष विद्यालयको तलब निकासा सम्बन्धमा ।

निर्णय :

काठमाडौँ महानगरपालिका अन्तर्गत सञ्चालित विषेश विद्यालयका आधारभूत र माध्यमिक तहका स्वीकृति तथा अनुदानमा कार्यरत शिक्षकहरुको तेस्रो चौमासिक नपुग तलव भत्ता खर्च शीर्षक नं २११११ को कार्यक्रम १.१.१.६० को रकम रु.२४,५२,१९१।- र विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवं कार्यसम्पादन खर्च शीर्षक नं २६४१३ को कार्यक्रम २.७.१३.१२ बाट रु. ४५,२५,८५१ गरी जम्मा रु.६९,७८,०४२।- मात्र तलवभत्ता वापतको रकम विद्यालयमा निकासा गर्ने निर्णय अनुमोदन गर्ने ।